प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

मधेश प्रदेश कार्यालय

जनकपुरधाम, धनुषा

## सेवा करारमा व्यक्ति छनोट सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/१४)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् , मधेश प्रदेश अन्तर्गत शिक्षालयहरुमा अर्को निर्णय नभएसम्म हाललाई २०८३ आषाढ मसान्तसम्मका लागि प्राविधिक प्रशिक्षण व्यक्ति सेवा करारमा लिनुपर्ने भएको हुँदा इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त फाराम , शैक्षिक योग्यता , सम्बन्धित विषयको व्यावसायिक परिषदमा नाम दर्ताको प्रमाणपत्रको प्रतिलिपि (आवश्यक पदमा), नेपाली नागरिकताको प्रतिलिपि र तोकिएको दस्तुर सहितको भौचर परिषद् मधेश प्रदेश कार्यालयमा भौतिक रुपमा उपस्थित भइ दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

### परिषद् , मधेश प्रदेश कार्यालय अन्तर्गत शिक्षालयहरुका लागि आवश्यक पदहरु

१. निर्मल लामा बहुप्राविधिक शिक्षालय, बर्दिबास, महोत्तरी।

| वि. नं. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| १-०८२/८३ | फुड एण्ड डेरी टेक्नोलोजी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | २ | |
| २-०८२/८३ | डाइग्नोष्टिक रेडियोग्राफी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| ३-०८२/८३ | भौतिक शास्त्र प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| ४-०८२/८३ | मेडिकल ल्याब टेक्नोलोजी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | २ | |

२. लहान प्राविधिक शिक्षालय, लहान, सिरहा |

| वि. नं. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| ५-०८२/८३ | फार्मेसी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |
| ६-०८२/८३ | पशु विज्ञान प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |

३. गौर बहुप्राविधिक शिक्षालय, गौर, रौताहट |

| वि. नं. | पद | श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|
| ७-०८२/८३ | मिडवाइफरी प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | ३ | |
| ८-०८२/८३ | नर्सिंग प्रशिक्षक | अधिकृत स्तर तृतीय, प्रा | १ | |

१. परीक्षाको किसिम: लिखित र अन्तर्वार्ता हुनेछ | लिखित परीक्षाको हकमा सेवा सम्बन्धीको दोस्रो पत्रबाट १ (एक) घन्टाको समयमा लिईनेछ | ५० वटा वस्तुगत बहुउत्तर प्रश्नहरु सोधिनेछ र प्रत्येकको अंकभार २ हुने र कुल पूर्णाङ्क १०० , उत्तीर्णाङ्क ४० हुनेछ |
२. उमेरको हद: अधिकृत स्तर तृतीय श्रेणी सरहको प्राविधिक पदका लागि उम्मेदवार हुन २१ वर्ष पुरा भइ ५० वर्ष ननाघेको हुनुपर्नेछ | "उमेर" भन्नाले कुनै पदको निमित्त दरखास्त दिने अन्तिम दिन पुरा हुने उमेर सम्झनु पर्दछ |
३. समकक्षता: समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रतिलिपि स्वयंद्वारा प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ |
४. प्राविधिक तथा प्रशिक्षण सेवा अन्तर्गत प्राविधिक पदमा दरखास्त दिने उम्मेदवारले पेशा व्यवशायको काम गर्न नेपाल मेडिकल काउन्सिल, नेपाल नर्सिंग परिषद् , नेपाल इन्जिनियरिंग परिषद् लगायतका पेशागत संगठनमा दर्ता हुनुपर्ने प्रावधान रहेकोमा सम्बन्धित व्यावसायिक परिषदमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि दरखास्त बुझाउने अन्तिम म्याद भित्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ |
५. तलब, भत्ता र अन्य सुविधा: परिषद्को कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियामावली, २०६९ (संसोधन सहित) बमोजिम हुनेछ |
६. सूचनामा उल्लेखित म्याद भित्र दाखिला नभएको र न्युनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको वा रीतपूर्वक नभएको दरखास्त स्वीकृत गरिने छैन| त्यस्तो फाराम स्वीकृत भएको पाइएमा जुनसुकै बेला पनि स्वतः रद्द हुनेछ |

७. पाठ्यक्रम (curriculum): परिषद्को वेवसाइट www.ctevt.org.np लग इन गरी CAREER बाट पाठ्यक्रम डाउनलोड गर्न सकिनेछ |

८. दरखास्त दस्तुर: प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, मधेश प्रदेश कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, पिडारीचोक, धनुषामा रहेको आर्जन खाता नं १५२०१००००२६३९००१ र खाताको नाम CTEVT PROVINCE / 2 मा देहायको श्रेणी अनुसार तोकिएको परीक्षा दस्तुर बुझाई सोको सक्कल भौचर स्क्यान गरी संलग्न गर्नुपर्नेछ | साथै रकम जम्मा गर्दा दरखास्त दिने निवेदकको नाम, थर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ |

९. दरखास्त दस्तुर:

| सि. नं. | श्रेणी | परीक्षा दस्तुर |
|---|---|---|
| १ | अधिकृत स्तर तृतीय श्रेणी | रु. १,०००\|०० |

१०. कार्य गर्नुपर्ने स्थान: परिषद् मधेश प्रदेश कार्यालयबाट तोकिएको आंगिक शिक्षालयहरुमा जुन शिक्षालयको लागि दर्खास्त फाराम भरेको हो सोही शिक्षालयमा कार्य गर्नुपर्नेछ |

११. यस सूचनामा उल्लेख नभएका विषयहरुको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् , कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०६९ (छैठौ संसोधन सहित) र अन्य प्रचलित कानून बमोजिम हुनेछ |

१२. उपरोक्त बमोजिमका समान पदहरुको लिखित परीक्षा एकै दिन एकै समयमा परिषद् मधेश प्रदेश कार्यालयले तोकेको स्थानमा संचालन हुनेछ | एक उम्मेदवारले कुनै एक शिक्षालयको लागि मात्र फारम भर्न पाउनेछ |

१३. आवेदन फाराम www.ctevtp2.org.np बाट डाउनलोड गर्न सकिनेछ अथवा परिषद मधेश प्रदेश कार्यालयबाट प्राप्त गर्न सकिनेछ |

१४. आवेदन फाराम बुझाउने स्थान: परिषद् मधेश प्रदेश कार्यालय , जनकपुरधाम, धनुषा |

१५. परीक्षा मिति: परिषद मधेश प्रदेश कार्यालयबाट वेवसाइटमा पछि प्रकाशन गरिनेछ |

१६. आवेदन दिने अन्तिम मिति: २०८२/०९/२८ गते | दरखास्त फाराम भर्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको भोलिपल्ट फाराम बुझाउन सकिनेछ |

लिखित परीक्षामा सफल उम्मेदवारले आवेदन फाराम भर्दा समावेश गरिएका कागजातहरुको सक्कल प्रमाणपत्रहरु अन्तर्वार्ता दिन आउँदा लिएर आउनु पर्नेछ | अन्तर्वार्ता पूर्व प्रमाणपत्र रुजु गर्दा कुनै कैफियत वा ढाँटेको पाइएमा त्यस्तो उम्मेदवारलाई अन्तर्वार्तामा समावेश गराइने छैन र निजको दरखास्त रद्द गरिनेछ |

न्युनतम शैक्षिक योग्यता:

१. फुड एण्ड डेरी टेक्नोलोजी प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण|
२. डाइग्नोष्टिक रेडियोग्राफी प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
३. भौतिक शास्त्र प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण |
४. मेडिकल ल्याब टेक्नोलोजी प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण|
५. फार्मेसी प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
६. कृषि प्रशिक्षक (पशु विज्ञान): मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि (पशु विज्ञान/ पशुपालन) विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |
७. मिडवाइफरी प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट मिडवाइफरी विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण|
८. नर्सिंग प्रशिक्षक: मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिंग विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण |

अध्यक्ष

सेवा करारमा व्यक्ति छनौट उप-समिति